# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.

# First Microfinance Laghu Bitta Bittiya Sanstha Ltd

(नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
ब्लक नं. ४८३, चार्टर टावर, ज्ञानेश्वर, काठमाडौं
फोन नं. ०१-४४२५३५८, ४४२५३६१, फ्याक्स नं.: ०१-४४२७०४६
Email: info@fmdb.com.np, URL: www. fmdb.com.np


## Unaudited Financial Result (Quarterly)

### As at the end of Third Quarter (30/12/2076) of the Fiscal Year 2076/077

*(Rs in '000)*

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **6,719,949** | **6,547,700** | **5,655,301** |
| 1.1 | Paid-up Capital | 800,741 | 800,741 | 684,394 |
| 1.2 | Reserves and Surplus | 193,840 | 174,294 | 189,255 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 5,684,666 | 5,544,925 | 4,753,255 |
| 1.5 | Deposits | - | - | - |
| 1.6 | Income Tax Liabilities | 8,046 | - | - |
| 1.7 | Other Liabilities | 32,656 | 27,741 | 28,397 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **6,719,949** | **6,547,700** | **5,655,301** |
| 2.1 | Cash & Bank Balance | 1,107,609 | 657,719 | 428,160 |
| 2.2 | Money at Call and Short Notice | - | - | - |
| 2.3 | Investments | 2,000 | 2,000 | 2,000 |
| 2.4 | Loans & Advances (Net of General Loan Loss Provision) | 5,570,945 | 5,847,092 | 5,185,282 |
| 2.5 | Fixed Assets (Net) | 9,363 | 10,092 | 5,925 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 30,031 | 30,797 | 33,934 |
| **3** | **Profit and Loss Account** | **Upto This Quarter** | **Upto Previous Quarter** | **Upto Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 544,377 | 375,099 | 477,151 |
| 3.2 | Interest Expense | 405,579 | 269,275 | 332,177 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **138,797** | **105,825** | **144,974** |
| 3.3 | Fees, Commission and Discount | - | - | - |
| 3.4 | Other Operating Income | 28,494 | 22,391 | 33,727 |
| **B** | **Total Operating Income (A+3.3+3.4)** | **167,292** | **128,215** | **178,701** |
| 3.5 | Staff Expenses | 15,910 | 11,107 | 14,063 |
| 3.6 | Other Operating Expenses | 10,620 | 7,674 | 9,640 |
| **C** | **Operating Profit Before Provision (B-3.5-3.6)** | **140,761** | **109,434** | **154,998** |
| 3.7 | Provision for Possible Loss | 3,432 | 3,432 | 10,595 |
| **D** | **Operating Profit (C-3.7)** | **137,329** | **106,002** | **144,403** |
| 3.8 | Non Operating Income/Expenses (Net) | 244 | 244 | - |
| 3.9 | Write Back of Provision for Possible Loss | - | - | - |
| **E** | **Profit From Regular Activities (D+3.8+3.9)** | **137,573** | **106,246** | **144,403** |
| 3.10 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.10)** | **137,573** | **106,246** | **144,403** |
| 3.11 | Provision For Staff Bonus | 13,757 | 10,625 | 13,128 |
| 3.12 | Provision For Tax | 37,145 | 28,686 | 39,383 |
| **G** | **Net Profit/Loss (F-3.11 -3.12)** | **86,671** | **66,935** | **91,893** |
| **4** | **Ratios** | **At the end of this Quarter** | **At the end of Previous Quarter** | **At the end of Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Fund to RWA | 17.79% | 16.92% | 17.22% |
| 4.2 | Non-Performing Loan (NPL) to Total Loan | 0.00% | 0.00% | 0.00% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | ∞ | ∞ | ∞ |
| 4.4 | Average Cost of Funds | 10.62% | 10.60% | 10.69% |

*Note : 1. The above figure may change if directed by Regulatory Authorities or as required by Accounting Standards.*
*2. Figures of previous periods have been regrouped wherever considered necessary.*

**धितोपत्रदर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-१४ (नियम २६ को उपनियम १ संग सम्बन्धित)**

## आ.व. २०७६/७७ को तेस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**:

क) आ.व. २०७६/०७७ को तेस्रो त्रैमास (२०७६।१२।३०) को वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यस लघु वित्त वित्तीय संस्थाको सूचना पाटीमा टाँस गर्नुका साथै यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरुः

| प्रति शेयर आम्दानी अनुपात | मूल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ रु | प्रति शेयर कुल सम्पत्तिको मूल्य रु | तरलता अनुपात |
|---|---|---|---|---|
| १४।४३ | २८।७६ | १२४।२१ | ८३९।२२ | १९।४८ |

**२. व्यवस्थापकीय विश्लेषण**:

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
यस अवधिमा यस लघु वित्त वित्ती यसंस्थाले आवश्यक तरलता व्यवस्थापन गरेको छ। अघिल्लो त्रैमासको तुलनामा तरलता मौज्दातमा ६८।४०% ले वृद्धि, जगेडा तथा अन्य कोषमा ११।२१% ले वृद्धि भएको छ र खुद मुनाफामा अघिल्लो त्रैमासको तुलनामा यस त्रैमासमा २९।४९% ले वृद्धि भएको छ। साथै यस त्रैमासमा लघु वित्त वित्तीय संस्थाको खुद मुनाफा रु आठ करोड छैसठ्ठी लाख एकहत्तर हजार रहेको छ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण**:
यस लघु वित्त वित्तीय संस्था निरन्तर रुपमा गुणस्तरीय थोक लघुवित्त सेवा दिने कार्यमा केन्द्रित रहनेछ। प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा साझेदार संस्थाहरु मार्फत अधिकतम ऋणीहरुसम्म वित्तीय पहुँच बृद्धि गर्नका लागि व्यवस्थापनले प्रभावकारी रुपमा काम गर्नेछ। गुणस्तरीय सेवाले नै यस संस्थाको छवि सुदृढ हुने कुरामा यस लघु वित्त वित्तीय संस्था विश्वस्त रहेको छ। साथै, यस लघु वित्त वित्तीय संस्थाले साझेदार संस्थाहरुको क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम लाई निरन्तरता दिनेछ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण**:
व्यवसायको आकारको बृद्धि अनुसार संचालन मुनाफा सन्तोषजनक रहेको छ। संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने कुनै घटना घटेको छैन। विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना (COVID-19) को कारण नेपाल लगायत विश्वका अधिकांश देशहरु लकडाउन भएका छन्। यसले पार्न सक्ने प्रभाव आंकलन गर्न सकिएको छैन। लकडाउनको दौरानमा यस लघु वित्त वित्तीय संस्थाको शेयर कारोबार रोकिएको छ र तरलता तथा कर्जा प्रवाहमा प्रभाव पर्न सक्ने प्रक्षेपण गरिएको छ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण**:

**क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको भए :**
यस अवधीमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन।

**ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए**:
संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

**ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**:

**क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :**
यस लघु वित्त वित्तिय संस्थाको शेयर कारोबारका सम्बन्धमा व्यवस्थापनले नियमित रुपमा नेपाल स्टक एक्सचेन्जको कारोवार अवलोकन गरिरहेको छ। शेयरको मूल्यमा तात्विक असर पार्ने कुनै पनि असामान्य घटना घटेको छैन। यस लघु वित्त वित्तीय संस्थाको शेयर नेपाल स्टक एक्सचेन्जको सूचकांङ्कको आधारमा खुल्ला बजारमा सामान्य रुपमा कारोबार भइरहेको पाईन्छ।

**ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबारको संख्या :**
मिति २०७६/१०/०१ देखि २०७६/१२/३० सम्मको अवधिमा यस संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबारको संख्या निम्न विवरण अनुसार भएको देखिन्छ।

| अधिकतम मूल्य रु | न्यूनतम मूल्य रु | अन्तिम मूल्य रु | कारोवार भएको कुल दिन | कारोवारको संख्या | कारोवार भएको कुल शेयर संख्या |
|---|---|---|---|---|---|
| ७०४ | ३९५ | ४१५ | ४६ | १०,९३३ | १९,८९,१७१ |

(श्रोतः नेपाल स्टक एक्सचेन्जको वेबसाईट www.nepalstock.com.np अनुसार)

**५. समस्या तथा चुनौती**:

**समस्या** : सीमित वित्तीय श्रोत, लगानीमा दोहोरोपना, ब्याजदरमा उतार चढाव, साझेदार संस्थाहरुमा अनुपालनाको समस्या, वित्तीय साक्षरतामा कमी, दक्ष जनशक्तिको अपर्याप्तता आदि।

**चुनौती** : बढ्दो प्रतिस्पर्धा, नियामक निकायबाट नीति तथा निर्देशनमा हुने परिवर्तन, वित्तीय स्रोतमा कमी आदि।

**रणनीति** : खुद्रा लघुकर्जा प्रवाह गर्ने लघु वित्त संस्थाहरु मार्फत ग्रामीण क्षेत्रका विपन्न समुदायहरुमा सेवा विस्तार गर्ने र लगानीमा विविधीकरण गरी जोखिम न्यूनिकरण गर्नु प्रमुख रणनीतिको रुपमा रहेको छ। साथै मानवश्रोतको विकास तथा व्यवस्थापन गर्दै निम्न रणनीतिहरु अवलम्बन गरिने छः
क. संस्थाको प्रभावकारिता वृद्धि गर्ने।
ख. कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने।
ग. सेवाको गुणस्तरमा सुधार गर्दै जाने।

**६. संस्थागत सुशासन**:
संस्थागत सुशासन सुदृढ गर्नका लागि संचालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति र व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ। नेपाल राष्ट्र बैंकको निर्देशन तथा लघुवित्त संस्थाले बनाएका नीतिनियमहरु अनुपालन गरिएका छन्। संस्थागत सुशासनलाई अझ बलियो बनाउनका लागि नीतिनियम तथा निर्देशिकाहरु तयार गरी व्यवस्थापनको स्पष्ट अधिकार र दायित्वको व्याख्या गरिएको छ, जुन लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति तथा सम्पत्ति दायित्व व्यवस्थापन समितिद्वारा अनुगमन गर्ने गरिएको छ।

**७. सत्य तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**:
आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरु सुसूचित भई निर्णय लिन आवश्यक पर्ने कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाइएको छैन।